# लिम्चुङबुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर

१ नं.प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०८/१४

प्रस्तुत विषयमा यस लिम्चुङबुङ गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न आर्थिक वर्ष ०७७/०७८ को बाँकी अवधिका लागि तपसिलमा उल्लेखित पदका कर्मचारीहरुको सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले ७ दिनभित्र माग बमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिसहित तोकिएको फारम भरी यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं | पद, सेवा, समुह | तह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६/०७७/०७८ | उद्यम विकास सहजकर्ता | चौथो | २ | रु. ५००।- | |

१. **शैक्षिक योग्यता :**

१.१. **उद्यम विकास सहजकर्ताको लागि :**

क) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोष उतिर्ण गरेको ।

ख) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उतिर्ण गरेको ।

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतिर्ण गरेको ।

२. **कार्य अनुभव** : लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायीक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।

३. **उमेर** : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

४. **दरखास्त दिने स्थान** : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुर ।

५. दरखास्त दस्तुर बापतको रकम यस लिम्चुङबुङ गाउँपालिकामा रहेको नेपाल एसबिआई (SBI) बैंक लिम्चुङबुङ शाखामा रहेको खाता नं. ४३२९५२४१२०७००४ (आन्तरिक राजश्व खाता) मा बुझाई सो को सक्कल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ ।

६. **दरखास्त फारम पाईने स्थान** : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय साथै यस गाउँपालिकाको Website: www.limchungbungmun.gov.np मा समेत पाउन सकिनेछ ।

७. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/२० गते कार्यालय समयभित्र यदि सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत दिन सकिनेछ ।

८. **परीक्षा मिति** : दरखास्त संकलन काम सकिएपछि लिम्चुङबुङ गाउँपालिकाको वेवसाईटमा राखिनेछ ।

९. **छनौटको किसिम** : प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

१०. **आवेदन तथा संलग्न कागजातपत्रहरु** : आवेदक स्वंयले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु,

क) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ) अनुभव खुल्ने कागजातपत्र

ङ) २ प्रति हाल साल खिचेको पासपोर्ट साईजको फोटो

११. **सेवा सुविधा** : स्थानीय सेवाको सहायक चौथो तह सरह ।

विस्तृत जानकारीको लागि लिम्चुङबुङ गाउँपालिकाको सूचना प्रविधि अधिकृत श्री विनय श्रेष्ठको सम्पर्क नं ९८५२८२९१०१ वा कम्प्यूटर अपरेटर श्री बिपन राईको सम्पर्क नं ९८६३८६९५१३ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**